# भूमि तथा कृषि अधिकार अभियान
# मासिक अपडेट, नोभेम्बर २०१८
# (१५ कार्तिक-१५ मंसिर, २०७५)

CSRC आत्मनिर्भर केन्द्र

राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, जिल्ला भूमि अधिकार मञ्च, र राष्ट्रिय भूमि अधिकार मञ्च नेपालले नोभेम्बर २०१८ (१५ कार्तिक-१५ मंसिर २०७५) महिनामा गरेको गतिविधिहरुको संक्षिप्त अपडेट यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**संयुक्त पुर्जा बनाउने थपिए :**

यस महिना उदयपुरमा ७, सिन्धुपाल्चोकमा १५, रसुवामा १०, नुवाकोटमा ३, काभ्रेपलाञ्चोकमा ३ र सिरहामा ३ गरी **४१** जोडीले ३.५ हेक्टर जमिनमा संयुक्त पुर्जा निर्माण गरेका छन् । संयुक्त पूर्जा निर्माणका लागि जिल्ला भूमि अधिकार मञ्च तथा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले  छलफल, अभियान लगायतमा सहजीकरण गरेको थियो ।



रसुवाको उत्तरगया गाउँपालिकामा संयुक्त पूर्जासँगै विस्थापित घरपरिवारका सदस्यहरु

**गाउँ मञ्च थपिए  :**

यस महिना सिरहामा ४ वटा नयाँ गाउँ मञ्च गठन भएका छन् । मञ्चमा १२ महिला र १६ पुरुष गरी **२८** जम्मा सदस्य सङ्गठित भएका छन् ।

## भूमिसम्बन्धी बहुसरोकारवाला सम्वाद :

भूमि शासनका लागि कार्यसमूहको आयोजनामा २० नोभेम्बर २०१८ मा काठमाडौँमा भूमिसम्बन्धी बहुसरोकारवाला सम्वाद कार्यक्रमको आयोजना भएको छ। उक्त सम्वादमा भूमि अधिकारसँग जोडिएकाराजनैतिक, आर्थिक र सामाजिक पक्षहरुमा बृहत छलफल भयो। संवादमा सरकारी निकाय, गैरसरकारी संघसंस्था, अध्ययनकर्ता तथा भूमि अधिकार मञ्चका प्रतिनिधी सहित **३१** जनाको सहभागिता रहेको थियो।

कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै अभियान नेपालका अध्यक्ष केशव दाहालले भूमिमा रहेको समस्या दुई-चार वटा संस्था वा केहि व्यक्तिहरुले अगुवाई गरेर मात्र समाधान नहुने बताउनुभयो। उहाँले विगत धेरै वर्षदेखि भूमि सुधारको सवाल राजनैतिक दलहरुले उठाए पनि महत्वपूर्ण उपलब्धी हासिल भईनसकेको भनाई राख्नुभयो। दाहालले भन्नुभयो, "हामीले भूमि सुधारको कुरा गर्दा बि.सं. २००७ साको परिवेशलाई हेरेर गऱ्यौं भने यो समस्या कहिल्यै समाधान हुँदैन। अहिले परिवेश फेरिएको छ। हामीसँग तीन तहको सरकार छ र स्थानीय सरकारबाट धेरै समस्याको समाधान हुन्छ। यसका लागि सरकारी, गैरसरकारी तथा अन्य सरोकारवाला निकायकाबीचमा समन्वय र सहकार्य होस् भन्ने उद्देश्यले भूमि शासनका लागि कार्यसमूह निर्माण गरिएको हो।" यसैगरी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका उपसचिव गोपाल गिरीले भूमि समस्या समाधानका लागि साझा दृष्टिकोण निर्माण गरी बढ्नुपर्नेमा जोड दिनुभयो। उहाँले भन्नुभयो, "साझा दृष्टिकोण निर्माणका लागि यसभन्दा अघि हुननसकेका भूमिसुधारका कामहरु के के हुन् भनी छलफल गर्नुपर्दछ। यसका लागि कार्यसमूहको बैठकलाई नियमित बनाई प्रत्येक बसाईमा एक एक मुद्दामा छलफल गरौं र सबैका सुझाव सङ्कलन गरी सरकार समक्ष पेश गरौं।" उहाँले संविधान कार्यान्वयन गर्नका लागि निर्माण हुनुपर्ने सबै कानुन निर्माण भइसकेको र अब केहि नियमावली जारी भई ऐनले प्रत्याभूत गरेका व्यवस्थाहरुको पूर्ण कार्यान्वयन हुन बाँकी रहेको भनाई व्यक्त गर्नुभयो।

सम्वादमा राष्ट्रिय संलग्नता रणनीति राष्ट्रिय संयोजक धर्मराज जोशीले जनमुखि भूमि शासनका लागि साझा प्राथमिकता शीर्षकमा कार्यपत्रको प्रस्तुत गर्नुभयो। उक्त कार्यपत्र प्रस्तुत गर्दै जोशीले विद्यमान भूसम्बन्धलाई पुर्नपरिभाषित गर्नुपर्नेमा जोड दिनुभएको थियो।




भूमि सम्बन्धी बहुसरोकारवाला सम्वाद कार्यक्रमका सहभागीहरु

**विस्थापितद्वारा पुर्नस्थापनाका लागि जग्गा खरिद :**

यस महिना सिन्धुपाल्चोकमा **१९**, रसुवा **११**, नुवाकोटमा **४** र काभ्रेपालञ्चोकमा **३** गरी जम्मा **३७** विस्थापित तथा जोखिमयुक्त क्षेत्रका परिवारले सुरक्षित स्थानमा २.२९ हेक्टर क्षेत्रफल जग्गा खरिद गरेका छन् । यी मध्ये **३१** परिवारको संयुक्त (श्रीमान-श्रीमती) नाममा जग्गा रजिष्ट्रेसन कायम भएको छ । जग्गा खोजी, निवेदन तथा सिफारीश पत्रहरू तयारी र जग्गा दर्ता गराउनको लागि जिल्ला, स्थानीय तहमा समन्वय तथा सहजीकरणमा आत्मनिर्भर केन्द्रले सहजीकरण सहयोग गरेको थियो ।



**सुरक्षित जग्गा खोजिका लागि मेलम्ची नगरपालिकाको अन्तरक्रियाका सहभागीहरु**

## शान्ति संस्कृति निर्माण कार्यशाला सम्पन्न :

शान्तिपूर्ण परिवार, समुदाय र समाज निर्माणका निम्ति नागरिक नेतृत्व विकास सम्बन्धी शान्ति संस्कृति निर्माण कार्यशाला चितवनको ठिमुरास्थित राष्ट्रिय भूमि अधिकार मञ्चको केन्द्रीय कार्यालयमा सम्पन्न भयो । उक्त कार्यशाला १२ देखि १८ नोभेम्बर तथा २० देखि २७ नोभेम्बर गरी दुई चरणमा आयोजना गरिएको थियो । कार्यशालामा सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, राष्ट्रिय भूमि अधिकार मञ्च र अन्य जिल्लाका प्रतिनिधी गरी जम्मा **५५** जनाको सहभागिता रहेको थियो ।

यस कार्यशालामा शान्ति संस्कृति निर्माणका विभिन्न उपाय तथा औजारहरुका विषयमा छलफल भएको थियो । शान्ति निर्माणका लागि प्रत्येक घरपरिवार नै असल संस्कृतिको सुरुवात हुनुपर्ने र यसका लागि प्रत्येक व्यक्तिको महत्वपूर्ण भूमिका हुने कार्यशालाको प्रमुख सिकाई रहेको थियो । दुई चरणमा गरी १४ दिनसम्म सञ्चालित कार्यशालामा आत्मनिर्भर सेवा केन्द्रका कर्मचारी, भूमि अधिकार मञ्चका पदाधिकारी तथा अन्य सामाजिक संघसंस्थाका प्रतिनिधीहरुको सहभागिता रहेको थियो ।  कार्यशालाको अन्त्यमा आत्मनिर्भर सेवा केन्द्रका कार्यकारी निर्देशक जगत देउजाले शान्ति संस्कृतिका निर्माण गर्नका लागि यो कार्यशाला महत्वपूर्ण रहेको बताउँदै आगामी दिनमा यो कार्यशालालाई स्थानीय तहमा पनि सञ्चालन गर्नुपर्ने बताउनुभयो । यसैगरी  राष्ट्रिय भूमि अधिकार मञ्चका अध्यक्ष ल्याम बहादुर दर्जीले तालिमका सिकाईलाई अब राष्ट्रिय भूमि अधिकार मञ्चको आन्दोलनमा प्रयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।  । उहाँले यो कार्यशालामा प्रयोग भएका  विधि र प्रक्रियालाई समुदाय तहले पनि सजिलै बुझ्न सक्ने र अहिंसालाई प्रबर्द्धन गर्न सहयोग गर्ने भएकाले शान्ति संस्कृति कार्यशालालाई हरेक जिल्लामा लैजानुपर्ने कुरामा जोड दिनुभयो ।

शान्ति संस्कृति निर्माणसम्बन्धी इन्डोनेशियाको सेन्ट्रल जाभामा भएको अन्तराष्ट्रिय तालिममा सहभागी भएपछि सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका अभियान व्यवस्थापक कल्पना कार्कीको अगुवाईमा यस तालिमको आयोजना गरिएको हो । तालिमलाई फ्रेण्डस् पीस टिमका संयोजक नदिन हुवर, नेपाल प्रतिनिधि सुबास चन्द्र, न्युजिल्याण्डकी प्रतिनिधि रोजी रिमरसवाल र हिंसाको विकल्प कार्यक्रमका संयोजक जोन काईकलिस तथा आत्मनिर्भर केन्द्रकी अभियान व्यवस्थापक कल्पना कार्कीले गर्नुभएको थियो ।



शान्ति संस्कृति निर्माण तालिमका सहभागिहरु

**अनुसुचीहरु :**

***सफलताको कथा***

## पुरा भयो सुरक्षित घरको सपना



यवकुमारी घले आफनो ३ जनाको परिवारसँग रसुवा जिल्लाको साविक लहरेपौवा गाविस वडा नं ५ मा बसोबास गर्छिन् । २०७२ वैशाख १२ को भूकम्पपछि अस्थायी टहरामा बस्न बाध्य घले २०७४ साउन २२ मा थपिएको पहिरोको काराण गाउँसमेत नै आफनो् थातथलोबाट विस्थापित भईन् ।

यवकुमारी भन्छिन् *"गाउँमा सानो पसल थियो । श्रीमान् विद्युत प्रधिकरणमा जागिर गर्नुहुन्थ्यो । तर आयको मूख्य स्रोत त्यही पसल थियो । दैवको खेल ७२ सालको भूकम्पले यहि पसल पनि भत्कायो । कम्तीमा ८ लाख क्षतिभयो । बल्ल बल्ल ऋणको जोहो गरेर अस्थायी टहरा बनाएकी थिएँ । त्यो पनि २ वर्ष नबित्दै पहिरोले गाउँलाई नै आक्रान्त बनायो । पहिरोपछि सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले भौगर्भिक अध्ययनको व्यवस्था गऱ्यो । अध्ययनले बास बस्न नहुने भनेर प्रतिवेदन निकाल्यो । अम्दानीको मुख्यस्रोत पसल भत्किँदासम्म त सहेकै थिए तर थातथलो नै छोड्नु पर्ने दुःखले धेरै रात निद्रा लागेन"*



हाल आत्मनिर्भर केन्द्रको सहजीकरणमा यवकुमारीको परिवारले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको स्थानान्तरण लाभग्राहीले पाउने २ लाख रुपियाँ थप अनुदान प्राप्त गरी जग्गा खरिद गरेकी छिन् । यवकुमारी थप्छिन् "भूकम्प र पहिरोको चपेटामा परेको हाम्रो गाउँमा आत्मनिर्भर केन्द्रले ठूलो सहयोग प्रदान गर्यो । पहिले भौगर्भिक अध्ययनले अब के गर्ने कहाँ जाने डर थियो । तर केन्द्रकै सहजीकरणमा जग्गा खरिदका लागि थप २ लाख रुपैँया पनि पाए । १६ जना मिलेर एकै ठाउँ नौबिसेमा जमिन किनेका छौं । ३० मिनेटमा नै पूरानो खेत जान सकिन्छ । अब सबै यहीँ बस्ने भए पछि यो नै हाम्रो गाउँ हो ।."

अहिले यवकुमारी घलेको ३ कोठे पक्की घर बनेको छ । बाँकी १६ घर पनि पूनर्निमाणमा व्यस्त छन् । घले भन्नूहुन्छ *"त्यत्रो मेहनतले बनाएको घर र पसल भूकम्पले लग्यो । ऋण लिएर बनाएको टहरा पहिरोले कसलाई के भन्ने र के गर्ने अन्योलमा थियौँ । आत्मनिर्भर केन्द्रले जमिन खोज्न देखि अध्ययन सम्ममा सहयोग गऱ्यो । हामी महिलाहरुलाई त यसले झनै खूसी थपेको छ । नयाँ जग्गामा मेरो पनि नाम छ । संयुक्त पुर्जा भएपछि अब आफनो् पनि हो भन्ने कानुनी अधिकार प्राप्त गरेको छु । म मात्र हैन् गाउँ नै सुंयुक्त पुर्जामय भएको छ । सबै महिलाको जमिनमा हक आत्मनिर्भर केन्द्रले सुनिश्चित गरेको छ । मेरो सुरक्षित घरमा बस्ने सपना पूरा भएको छ । "*




१६ दिने लैङ्गिक हिंसा विरुदको अभियान



शान्ति संस्कृति निर्माण तालिमका सहभागीहरु



**यस महिनाको प्रकाशन :**

**स्थानीय तहमा भूमि कृषि तथा प्राकृतिक श्रोत ब्यबस्थापन नीति, कानुन, संस्थागत संरचना र सुशासन (*दंगीशरण गाउँ कार्यपालिका, दाङ्ग*) :**

**http://www.csrcnepal.org/uploads/publication/vmxBZMlXMuFnRP48f3sXqUN3bp3weVnz.pdf**

**मोहियानी सम्बन्धी : सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरु (बि.सं. २०२२ सालदेखि बि.सं. २०७४ सालसम्म) :**

**http://www.csrcnepal.org/uploads/publication/2sFyXMLmY8J2GMYRTcTQX_nkjq9NPBaE.pdf**

**फ्रेण्डस् पीस टिमको वेबसाईटमा शान्ति तालिम सम्बन्धित लेख :**

**https://friendspeaceteams.org/creating-peace-in-nepal/**